GLOBAL PSYCHOLOGY ALLIANCE
Psychology for Global Challenges

DAO Regd. No.: 661
SWC No.: 43245

Association of Psychologists In Nepal
APN

**अन्तर्राष्ट्रिय आपतकालमा मनोवैज्ञानिकहरूको भूमिकामा ग्लोबल साइकोलोजी एलायन्स (GPA) को धारणा**

**यो धारणा, जुन छ, 2008 मा अमेरिकी मनोवैज्ञानिक संघ (APA) द्वारा सुरुमा जारी गरिएको र मार्च 31, 2022 मा ग्लोबल साइकोलोजी एलायन्स (GPA) द्वारा संशोधित गरिएको हो/यसले प्राकृतिक र मानब निर्मित बिपतमा कसरि काम गर्ने भनेर मनोबिज्ञहरुलाइ अभिमुखीकरण गर्छ |**

**ग्लोबल साइकोलोजी एलायन्स (GPA) अमेरिकी मनोवैज्ञानिक संघ (एपीए) ले आपतकालीन अवस्थाहरूमा मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोगसम्बन्धी अन्तर(एजेन्सी स्थायी समिति दिशानिर्देशहरू ( IASC 2007) लाइ समर्थन गर्दछ।**

**यी दिशानिर्देशहरू विश्वभरका सयौं मानसिक स्वास्थ्य बिज्ञहरूले वर्षौंको कामद्वारा विकसित गरेका थिए र संयुक्त राष्ट्र संघका एजेन्सीहरू ,अन्तर्राष्ट्रिय मानवीय राहतमा संलग्न अन्तर्राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरूले समर्थन गरेका छन्। कुनै पनि मनोवैज्ञानिक वा अन्य मानसिक स्वास्थ्य कार्यकर्ता जो आपतकालीन अवस्थामा परामर्श वा प्रतिक्रिया दिन चाहन्छन् | उनीहरु यी दिशानिर्देशहरूसँग परिचित हुन आवश्यक छ।**

दिशानिर्देशहरूले निम्न कुरामा जोड दिन्छ

अन्तर्राष्ट्रिय समुदायलाई कुनै पनि प्रकारको हेरचाह दिने व्यक्तिले देशमा सञ्चालन गर्ने स्थापित मानवीय संस्था मार्फत काम गर्नुपर्छ। रेडक्रस र रेड क्रिसेन्ट सोसाइटीजको अन्तर्राष्ट्रिय महासंघ, युनिसेफ, सेभ द चिल्ड्रेन र अन्य मानवीय संस्थाहरू यस्ता संस्थाका उदाहरण हुन।
राम्रो उद्देश्यले विदेशी मानसिक स्वास्थ्य स्वयम् सेबक (जो कुनै पनि संस्था सित आबद्धता छैनन् ) उनीहरूलाई निम्न योग्यता पूरा नभए सम्म प्रकोप प्रभावित क्षेत्रहरू यात्रा गर्न निरुत्साहित गरिनु पर्छ।

- पहिले आपतकालीन सेटिङहरूमा काम गरेका छन् (जस्तै , सशस्त्र द्वन्द्व र प्राकृतिक प्रकोपको आपतकालिनका लागि छुट्टै सीप चाहिन्छ र यी बिपत लाइ मिल्दो आपतकालीन अवस्थाहरू मान्न सकिंदैन , दुवै अवस्थालाई छुट्टै विशेष प्रशिक्षण चाहिन्छ)
- पहिले पनि आफ्नो सामाजिक-सांस्कृतिक सेटिङ बाहिर गएर कामको अनुभव गरेका छन्
- विभिन्न गाइड लाइनमा भएका आधारभूत निर्देशन सम्बन्धि जानकारी छ।
- सामुदायिक मनोविज्ञान वा जनस्वास्थ्य सम्बन्धित सिद्धान्तहरूको जानकारी छ |
- उनीहरूलाई सम्बन्धित देशमा काम गर्न राष्ट्र वा स्थापित अन्तर्राष्ट्रिय संस्थाबाट लिखित निमन्त्रणा आएको छ |

- उनीहरूलाई आपतकालीन क्षेत्रमा दिगो सामुदायिक उपस्थिति कायम राख्न सक्ने संस्थाको अंशको रूपमा काम गर्न आमन्त्रित गरिएको छ
- उनिहरु आफ्नो कामलाइ क्लिनिकल सहयोगमा केन्द्रित गर्दैनन् बरु स्थानीय कर्मचारीहरूलाइ सहयोग गर्दै उनीहरुलाइ सीपहरू हस्तान्तरण गरि, स्थानीय स्तरबाट नै आफ्ना कार्यक्रम र सिप लागु गर्छन | (IASC, 2007, pp 74-75).

यी अन्तर्राष्ट्रिय दिशानिर्देशहरू IASC guidelines on Mental Health and Psychosocial Support in Emergency Settings , र, आफ्नो योग्यताको सीमाभित्र काम गर्ने नैतिक दायित्व (हेर्नुहोस् IUPsyS Universal Declaration of Ethical Principles for Psychologists, Principle 2)) लाई ध्यानमा राख्दै, एपिए मनोवैज्ञानिकहरूलाइ विपद्को लागि विदेशी देशहरूमा प्रत्यक्ष सेवाहरू प्रदान नगर्न बरु त्यहाँको स्थानीय मनोवैज्ञानिक र मानबिय सस्था मार्फत काम गर्न अभिप्रेरित गर्छौ।

यदि माथिको मापदण्डहरू पूरा भएमा, मनोवैज्ञानिकहरुलाई भने आवश्यकता अनुसार उत्तरदायी भूमिकाको लागि प्रोत्साहित गरिन्छ।बिशेस गरि स्वयम्सेबी मनोबिदहरुले आफ्ना सिप मार्फत स्थानीय मनोबिदहरुलाई सहयोग गर्दै स्थानीय रुपमा दिर्घकालिन इन्टरभेन्शनहरु प्रयोगमा ल्याउनु पर्छ |

प्रभावित क्षेत्रहरूमा सहयोग गर्न काम गर्ने एपीए सदस्यहरू धेरै सतर्क हुन आवश्यक छ उदाहरणका लागि, घटनाहरूको परिणाम स्वरूप मानिसहरूले अनुभव गर्ने व्यथा र व्यक्त गर्ने तरिकाहरू विश्वव्यापी रूपमा एउटै छैनन्। त्यहाँको बहु सांस्कृतिक पक्षलाइ बुझेर मात्र हामी त्यहाँ सहयोग गर्न सक्छौ ।
पुर्नस्थापना प्रक्रियामा सहयोग गर्दा त्यहाको स्थानीय समुदाय र मानसिक स्वास्थ्य परामर्स दाताहरूसँग र प्रभावित जनसंख्यासँग बुझ्न र परामर्श आवश्यक छ। पश्चिमी शैक्षिक अवधारणा र सामग्रीहरूको अनुवाद मात्र पर्याप्त हुदैन कहिले काही पश्चिमी निदान र उपचार दृष्टिकोणहरू लागू गर्दा त्यो हानिकारक पनि हुन सक्छ। IASC गाइडलाइन त्यस्ता सांस्कृतिक कमजोरी र यसले उत्पन्न गर्न सक्ने कमजोरीहरूबाट बच्नको लागि केही विस्तृत रणनीतिहरूको बारेमा वर्णन गरेको छ ।
अनुसन्धानकर्ताहरुले पनि अमेरिकामा जस्तै आचार संहिता र मानबिय मूल्य मान्यताको बिसयलाइ पालन गर्नु जरुरि छ। (IASC Recommendations for Conducting Ethical Mental Health and Psychosocial Research in Emergency Settings, 2014).

**अन्तर्राष्ट्रिय रूपमा मनोवैज्ञानिकहरूको भूमिका ( मुख्य बुदा )**

- **सूचना, परामर्श, वा प्रशिक्षण प्रदान गर्न प्रस्ताव गर्नुहोस् |**

  विपद मानसिक स्वास्थ्य र जनस्वास्थ्य स्वास्थ्यमा अनुभव भएका मनोवैज्ञानिकहरूले मान्यता प्राप्त मानवीय संस्थाहरूसँग वा स्थानीय सहकर्मीहरूलाई प्रशिक्षण प्रदान गर्ने प्रस्ताव गर्न सक्छन् ।

- **प्रभावित क्षेत्रहरूका मनोवैज्ञानिकहरूसँग विभिन्न अनुसन्धानमा सहकार्य गर्नुहोस् |**
  विभिन्न अनुसन्धान सहकार्यहरूले स्थानीय मानसिक स्वास्थ्य कार्यकर्ताहरूलाई यी घटनाहरूको मनोवैज्ञानिक पक्षहरू अध्ययन गर्न, भविष्यका घटनाहरूमा अझ प्रभावकारी प्रतिक्रियाको लागि आधार निर्माण गर्न मद्दत गर्न सक्छ। मनोवैज्ञानिक आवश्यकताहरू र स्रोतहरूको प्रभावकारी मूल्याङ्कन गर्न यी अनुसन्धान सहयोगी हुन्छन।

- **विपदमा प्रयोग हुने अन्तर्राष्ट्रिय दिशानिर्देश र मापदण्डहरू अध्ययन गर्नुहोस् |**

GLOBAL PSYCHOLOGY ALLIANCE
Psychology for Global Challenges

मनोवैज्ञानिकहरूले अन्तर्राष्ट्रिय मनोसामाजिक इन्टरवेन्शन बारेमा आफूले जानकारी राख्ने र अन्तर्राष्ट्रिय दिशानिर्देशहरू र मापदण्डहरूको बारेमा जानकारी अरुलाई दिन सक्छन्। यसले व्यवस्थित र वास्तविक रूपमा सहयोगी प्रतिक्रिया सुनिश्चित गर्न मद्दत गर्न सक्छ।

- **अन्तर्राष्ट्रिय दिशानिर्देश र मापदण्डहरूको प्रयोग गर्दा विभिन्न सांस्कृतिक भिन्नताहरूको अध्ययन र प्रवर्द्धन गर्नुहोस्।**

  मनोवैज्ञानिकहरूले अन्तर्राष्ट्रिय दिशानिर्देश र मापदण्डहरूको प्रयोग गर्दा स्थानिय सांस्कृतिक, आध्यात्मिक, भाषिक र राष्ट्रिय भिन्नताहरू बारे जानकारी लिनु पर्छ | राजनीतिक र सामाजिक अवस्थाहरू अध्ययन गरि स्थानीय जनताको प्रतिक्रिया र जानकारी लिएर मात्र अभ्यास प्रशिक्षण र परामर्शका कार्यक्रम गर्नु पर्छ।

- **भबिस्यको लागि आफुलाई तयार राख्नु होस् |**

  आपतकालीन अवस्थामा मद्दत गर्न चाहने मनोवैज्ञानिकहरूलाई विपद्को मानसिक स्वास्थ्यसम्बन्धी तालिम लिएर अहिले नै तयारी गर्न आग्रह गर्दछौं।विपद् प्रभावित क्षेत्रमा परामर्श र तालिममा दक्ष व्यक्तिहरूको दीर्घकालीन आवश्यकताहरू आगामी वर्षहरूमा जारी रहने सम्भावना छ।

हानि गर्ने सम्भावना

मनोवैज्ञानिकले आपतकालिन अवस्थामा उनीहरूको सहयोगलाई उनीहरूको विशेषज्ञताको दायरामा सीमित गर्नुपर्छ । अन्यथा गर्नाले बिरामीलाई हानि हुन सक्छ, जुन नैतिकताको उल्लङ्घन हो। आघात वा पोस्ट-ट्रामाटिक स्ट्रेस डिसअर्डर (PTSD) जस्ता गम्भीर अवस्थाहरू अनुभव गरिरहेका मानिसहरूसँग काम गर्दा मनोवैज्ञानिकको जिम्मेवारी विशेष रूपमा महत्त्वपूर्ण हुन्छ। लक्षणहरू सामाजिक सांस्कृतिक सन्दर्भहरूमा भिन्न हुन्छन् | सांस्कृतिक रूपमा उपयुक्त नभएका सेवाहरू प्रदान गर्ने प्रयासले मानसिक स्वास्थ्य बिग्रन्छ र थप गम्भीर प्रतिक्रियाहरू निम्त्याउन सक्छ।यो कुरामा मनोबिदहरु गम्भीर हुनु पर्छ | (See: Guidelines for International Training in MHPSS Interventions).

भाबानुबाद - **Dr.Bijay Gyawali ,Life Member**
**Association of Psychologists in Nepal (APN)**